आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीतिको

# पहिलो त्रैमासिक समीक्षा

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
वालुवाटार, काठमाडौं

# विषय-सूची


पृष्ठभूमि........................................................................१

आर्थिक लक्ष्यहरुको स्थिति तथा परिदृश्य ................................................... २

वित्तीय क्षेत्र स्थिति..................................................................३

मौद्रिक नीतिको कार्यान्वयन स्थिति ......................................................... ४

मौद्रिक लक्ष्यहरुको स्थिति ........................................................... ४

तरलता व्यवस्थापन ..................................................................... ४

कर्जा तथा वित्तीय क्षेत्र सम्बन्धी व्यवस्थाको कार्यान्वयन स्थिति .................................. ६

भुक्तानी प्रणाली .......................................................................... ८

विदेशी विनिमय व्यवस्थापन ............................................................... ८

अन्तर्राष्ट्रिय आर्थिक परिदृश्य.............................................................. ९

मौद्रिक नीतिको कार्यदिशा...............................................................१०

मौद्रिक तथा वित्तीय उपायहरु...........................................................१०

# आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा

## पृष्ठभूमि

१. कोभिड-१९ महामारीले सिर्जना गरेको अनिश्चितताका बीच राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक स्थिति एवम् परिदृश्यलाई ध्यानमा राखी आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीति २०७७ साउन २ गते सार्वजनिक गरिएको थियो । अर्थतन्त्रमा महामारीको प्रभाव उच्च रहेतापनि आर्थिक पुनरुत्थानका लागि अवलम्वन गरिएका मौद्रिक तथा वित्तीय उपायहरुले व्यावसायिक वातावरण सहज वनाउन मद्दत पुगेको छ ।

२. संक्रमण न्यूनीकरणका लागि लागू गरिएका नियन्त्रणात्मक व्यवस्थालाई सहज गरिएसँगै अर्थतन्त्र क्रमशः चलायमान हुन थालेको छ । बैंकिङ्ग प्रणालीमा पर्याप्त तरलता रहेको छ । निक्षेप र कर्जाको ब्याजदरमा कमी आएको छ । वित्तीय पहुँच विस्तार हुनुका साथै विद्युतीय वित्तीय कारोवार वढ्दै गएको छ । मुद्रास्फीति नियन्त्रित रहेको छ भने शोधनान्तर बचतमा रहेको छ । शेयर बजार कारोबार र सूचकांक बृद्धि भएसँगै लगानीकर्तामा उत्साह बढेको छ ।

३. समष्टिगत आर्थिक आधारहरु सुदृढ रहेतापनि आर्थिक क्रियाकलाप विस्तारमा कोभिड-१९ संक्रमणले सिर्जना गरेको असहजता यथावत नै रहेको छ । कोभिड-१९ संक्रमण न्यूनीकरणका स्वास्थ्य सुरक्षा सम्वन्धी मापदण्डको पालना गर्दै आर्थिक क्रियाकलाप संचालनलाई निरन्तरता दिनुपर्ने आवश्यकता छ । निक्षेपको ब्याजदरमा आउने कमीले साना निक्षेपकर्तालाई प्रभावित गर्ने देखिएको छ । महामारीबाट सिर्जित समस्याका कारण वित्तीय साधन उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकासका क्षेत्रतर्फ प्रोत्साहित गर्न चुनौती बढेको छ ।

४. कोभिड-१९ संक्रमण नियन्त्रणका लागि हालसम्म विश्व खोप अनुसन्धान तथा प्रयोगको चरणमा रहेको छ । महामारीबाट जोगिन सामाजिक दूरी कायम गर्नुपर्ने लगायतका व्यवस्थाको पालना गर्दै आर्थिक तथा सामाजिक गतिविधि गर्नुपर्ने भएकाले सन् २०२० मा विश्व अर्थतन्त्र संकुचनमा रहने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण छ । समग्र मागमा कमी आएका कारण अन्तर्राष्ट्रिय स्तरमा मुद्रास्फीति भने न्यून रहेको छ ।

५. चालु आर्थिक वर्षको तीन महिनासम्मको आर्थिक तथा वित्तीय स्थिति, मौद्रिक नीतिमा उल्लिखित नीति तथा कार्यक्रमहरुको कार्यान्वयन स्थिति, कोभिड–१९ महामारीका कारण राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा विकसित घट्नाक्रमको परिवेशमा मौद्रिक नीतिको यो त्रैमासिक समीक्षा प्रतिवेदन सार्वजनिक गरिएको छ ।

## आर्थिक लक्ष्यहरुको स्थिति तथा परिदृश्य

६. आर्थिक वर्ष २०७६/७७ मा कोभिड-१९ का कारण आर्थिक गतिविधिहरु प्रभावित भई आर्थिक वृद्धिदर न्यून रहन गयो । कोरोना संक्रमण नियन्त्रणका लागि गरिएका बन्दाबन्दी लगायतका नियन्त्रणात्मक उपायका कारण पर्यटन, निर्माण, औद्यागिक उत्पादन, शैक्षिक संस्था लगायतका गतिविधिहरु बढी प्रभावित हुन पुगे ।

७. अर्थतन्त्रमा कोभिड-१९ ले पारेको असर सम्बन्धी यस बैंकले २०७७ असारमा गरेको सर्वेक्षणलाई अद्यावधिक गर्न २०७७ कात्तिक/मंसिरमा गरिएको सर्वेक्षणमा हालसम्म विभिन्न क्षेत्रका ३१६ फर्महरुको प्रतिक्रिया प्राप्त भएको छ । प्राप्त प्रतिक्रियाको आधारमा समेत होटल तथा रेष्टुरेन्ट क्षेत्र बढी प्रभावित भएको देखिएको छ (तालिका १) ।

**तालिका १: महामारीको अगाडिको तुलनामा औसत उत्पादन/कारोबार अवस्था**

*(प्रतिशतमा)*

| क्र.सं. | क्षेत्रहरु | औसत उत्पादन अवस्था |
|---|---|---|
| १. | कृषि (पशुपालन समेत), वन तथा मत्स्यपालन | ६९.६९ |
| २. | खानी तथा उत्खनन | ५२.५० |
| ३. | उत्पादनमूलक उद्योग | ६१.३२ |
| ४. | बिजुली, ग्यास तथा पानी | ९२.५० |
| ५. | निर्माण | ४८.२३ |
| ६. | थोक तथा खुद्रा व्यापार | ५५.२१ |
| ७. | होटल तथा रेष्टुरेन्ट | १६.७२ |
| ८. | यातायात तथा भण्डारण | ७२.८६ |
| ९. | संचार | ३२.५० |
| १०. | घरजग्गा, भाडा तथा व्यावसायिक क्रियाकलाप | १५.०० |
| ११. | शिक्षा | २७.०० |
| १२. | स्वास्थ्य तथा सामाजिक सेवा | ३९.०० |
| १३. | अन्य क्षेत्रहरु | ४०.२० |
| | **भारित औसत** | **४७.९९** |

८. आर्थिक वर्ष २०७७/७८ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ७ प्रतिशतको सीमाभित्र राख्ने लक्ष्य रहेकोमा पहिलो तीन महिनामा औसत उपभोक्ता मुद्रास्फीति ३.९३ प्रतिशत रहेको छ । समीक्षा अवधिमा खाद्य मुद्रास्फीति केही बढी रहेता पनि गैरखाद्य मुद्रास्फीति न्यून रहेका कारण मुद्रास्फीति कम रहन गएको हो ।

९. वार्षिक विन्दुगत आधारमा २०७७ असोजमा उपभोक्ता मुद्रास्फीति ३.७९ प्रतिशत रहेको छ । २०७६ असोजमा यस्तो मुद्रास्फीति ६.२१ प्रतिशत रहेको थियो (तालिका २)।

**तालिका २: मुद्रास्फीति**

*(प्रतिशतमा)*

| विवरण | ३ महिनाको औसत | | वार्षिक बिन्दुगत | |
|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७६ असोज | २०७७ असोज |
| समग्र | ६.४४ | ३.९३ | ६.२१ | ३.७९ |
| खाद्य | ७.१९ | ५.९३ | ७.०४ | ५.५० |
| गैर-खाद्य | ५.८५ | २.३९ | ५.५५ | २.४६ |

१०. समीक्षा अवधिमा निर्यात १४.३ प्रतिशतले वृद्धि भई रु. ३१ अर्ब ५ करोड र आयात १२.७ प्रतिशतले घटी रु. २९२ अर्ब २७ करोड भएको छ । फलस्वरुप व्यापार घाटामा १५.१ प्रतिशतले सुधार भएको आएको छ ।

११. समीक्षा अवधिमा चालु खाता रु. ३४ अर्ब ३६ करोडले र शोधनान्तर स्थिति रु. १०१ अर्ब ९ करोडले बचतमा रहेको छ । आयातमा आएको संकुचन र विप्रेषण आप्रवाहमा भएको वृद्धिका कारण चालु खातामा सुधार हुनुका साथै शोधनान्तर स्थिति बचतमा रहेको हो ।

१२. आर्थिक वर्ष २०७७/७८ मा कम्तिमा ७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने गरी विदेशी विनिमय सञ्चिति कायम गर्ने मौद्रिक नीतिको लक्ष्य रहेकोमा २०७७ असोज मसान्तमा १४.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने विदेशी मुद्रा सञ्चिति रहेकोछ ।

१३. आर्थिक वर्ष २०७७/७८ को ३ महिनामा संघीय सरकारको कुल खर्च रु.२०१ अर्ब ८ करोड र राजस्व संकलन रु.१७२ अर्ब ३६ करोड रहेको छ ।

## वित्तीय क्षेत्र स्थिति

१४. समीक्षा अवधिमा बैक तथा वित्तीय संस्थाको निक्षेप परिचालन ४.९ प्रतिशतले वृद्धि भई रु. ४०२७ अर्ब ३७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप परिचालन ३.० प्रतिशतले वृद्धि भई रु. ३३३१ अर्ब ५७ करोड पुगेको थियो ।

१५. आर्थिक वर्ष २०७७/७८ को पहिलो तीन महिनामा बैक तथा वित्तीय संस्थाको लगानीमा रहेको कर्जा ४.० प्रतिशतले वृद्धि भई रु. ३३३९ अर्ब ६६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ४.३ प्रतिशतले बढेर रु. २९८८ अर्ब ७६ करोड पुगेको थियो ।

१६. बैंक तथा वित्तीय संस्थाको चुक्ता पुँजी २०७७ असार मसान्तमा रु. ३५२ अर्ब ३७ करोड रहेकोमा २०७७ असोजमा रु. ३५२ अर्ब ७० करोड पुगेको छ । त्यसैगरी, यस अवधिमा पुँजीकोष रु. ५२१ अर्ब ७० करोडबाट वृद्धि भई रु. ५८४ अर्ब ८१ करोड पुगेको छ ।

१७. २०७७ असोज मसान्तमा वाणिज्य बैंकहरुको पुँजी कोष पर्याप्तता अनुपात १४ प्रतिशत, विकास बैंकहरुको १३.५ प्रतिशत र वित्त कम्पनीहरुको १९.४ प्रतिशत रहेको छ । २०७७ असार मसान्तमा यी अनुपातहरु क्रमशः १४ प्रतिशत, १४.४ प्रतिशत र १९.६ प्रतिशत रहेका थिए ।

१८. बैंक तथा वित्तीय संस्थाको शाखा विस्तारसँगै वित्तीय पहुँच बढेको छ । बैंक तथा वित्तीय संस्थाको शाखा संख्या २०७७ असार मसान्तमा ९७६५ रहेकोमा २०७७ असोज मसान्तमा ९९०३ पुगेको छ । उक्त अवधिमा प्रति बैंक शाखा जनसंख्या ३०७२ बाट घटेर ३०२९ कायम भएको छ ।

१९. २०७७ असार मसान्तमा १३६२.४ रहेको नेप्से सूचकाङ्क २०७७ मंसिर १८ मा २०५५.४६ पुगेको छ । त्यसैगरी, २०७७ असार मसान्तमा रु. १७९२ अर्ब ७६ करोड रहेको बजार पुँजीकरण २०७७ मंसिर १८ मा २७५५ अर्व ०६ करोड पुगेको छ ।

## मौद्रिक नीतिको कार्यान्वयन स्थिति

### मौद्रिक लक्ष्यहरुको स्थिति

२०. आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीतिमा विस्तृत मुद्राप्रदायको वार्षिक वृद्धिदर १८ प्रतिशत कायम गर्ने लक्ष्य राखिएकोमा वार्षिक विन्दुगत आधारमा २०७७ असोज मसान्तमा यस्तो वृद्धिदर २०.९ प्रतिशत रहेको छ ।

२१. आर्थिक वर्ष २०७७/७८ मा निजी क्षेत्रमाथिको दाबी २० प्रतिशतले बढ्ने प्रक्षेपण रहेकोमा वार्षिक विन्दुगत आधारमा २०७७ असोज मसान्तमा यस्तो वृद्धिदर १२.४ प्रतिशत रहेको छ ।

**तालिका ३: मौद्रिक लक्ष्यहरुको स्थिति**

(प्रतिशत)

| वृद्धिदर | वार्षिक बिन्दुगत | |
|---|---|---|
| | आ.व. २०७७/७८ (प्रक्षेपित) | २०७७ असोज मसान्त (यथार्थ) |
| विस्तृत मुद्राप्रदाय | १८.० | २०.९ |
| निजी क्षेत्रमाथिको दावी | २०.० | १२.४ |

२२. २०७७ असार मसान्तको तुलनामा २०७७ असोज मसान्तमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग २.८ प्रतिशतले अधिमूल्यन भई प्रति अमेरिकी डलर खरिद विनिमय दर रु. ११७.१२ कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ४.१ प्रतिशतले अवमूल्यन भएको थियो ।

### तरलता व्यवस्थापन

#### तरलता प्रवाह तथा प्रशोचन

२३. समीक्षा अवधिमा बैंकिङ्ग प्रणालीमा पर्याप्त तरलता रहेको छ । यस अवधिमा रिभर्स रिपोमार्फत् रु. ६० अर्ब र निक्षेप संकलन उपकरणमार्फत् रु. ३० अर्ब गरी कुल रु. ९० अर्ब तरलता प्रशोचन गरिएको छ ।

२४. आर्थिक वर्ष २०७६/७७ को पहिलो ३ महिनामा रिपोमार्फत् रु. ३९ अर्ब ५२ करोड र स्थायी तरलता सुविधामार्फत् रु. ४९ अर्ब ८० करोड गरी कुल रु. ८९ अर्ब ३२ करोड तरलता प्रवाह गरिएको थियो भने निक्षेप संकलन उपकरणमार्फत रु. ३० अर्ब तरलता प्रशोचन गरिएको थियो (तालिका ४) ।

२५. समीक्षा अवधिमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर १ अर्ब २४ करोड खुद खरिद गरी रु.१४७ अर्ब ४३ करोड तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर ९० करोड २२ लाख खुद खरिद गरी रु.१०२ अर्ब ६३ करोड तरलता प्रवाह गरिएको थियो ।

**तालिका ४:तरलता प्रवाह तथा प्रशोचन**

*रु. अर्बमा*

| विवरण | तीन महिना | |
|---|---|---|
| | २०७६/७७ | २०७७/७८ |
| **(क) तरलता प्रवाह** | ८९.३२ | - |
| रिपो | ३८.५५ | - |
| सोझै खरिद | - | - |
| रिपो बोलकबोल* | ०.९७ | - |
| स्थायी तरलता सुविधा | ४९.८० | - |
| **(ख) तरलता प्रशोचन** | ३०.०० | ९०.०० |
| रिभर्स रिपो | - | ६०.०० |
| सोझै बिक्री बोलकबोल | - | - |
| निक्षेप संकलन बोलकबोल | ३०.०० | ३०.०० |
| निक्षेप संकलन बोलकबोल* | - | - |
| **(ग) खुद प्रवाह (क-ख)** | ५९.३२ | (९०.००) |

* ब्याजदर करिडोर अन्तर्गत भएको कारोवार ।

## भारतीय मुद्रा खरिद

२६. समीक्षा अवधिमा अमेरिकी डलर ८४ करोड बिक्री गरी रु.९९ अर्ब ६४ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर १ अर्ब ६ करोड बिक्री गरी रु.११९ अर्ब ९८ करोड बराबरको भारतीय रुपैंया खरिद भएको थियो ।

## अन्तरबैंक कारोबार

२७. आर्थिक वर्ष २०७७/७८ को पहिलो त्रयमासमा वाणिज्य बैंकहरुले रु. ३२ अर्ब १७ करोड र अन्य वित्तीय संस्थाहरु (वाणिज्य बैंकबीच बाहेक) ले रु. ४८ अर्ब ९८ करोड गरी कुल रु. ८१ अर्ब १५ करोडको अन्तर-बैंक कारोबार गरेका छन् ।

## ब्याजदर

२८. २०७६ असोजमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर ४.३३ प्रतिशत रहेकोमा २०७७ असोजमा ०.६३ प्रतिशत कायम भएको छ । वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७६ असोजको ४.६२ प्रतिशतको तुलनामा २०७७ असोजमा ०.११ प्रतिशत कायम भएको छ (तालिका ५)। मौद्रिक नीतिको संचालन लक्ष्यको रुपमा लिइने औसत अन्तर-बैंक दर २०७७ असोजमा ०.१६ प्रतिशत कायम भएको छ ।

**तालिका ५ : भारित औसत ब्याजदर** ***(प्रतिशतमा)***

| विवरण | असार | | असोज | |
|---|---|---|---|---|
| | २०७६ | २०७७ | २०७६ | २०७७ |
| ९१-दिने ट्रेजरी विल | ४.९७ | १.२७ | ४.३३ | ०.६३ |
| अन्तर-बैंक दर | ४.५२ | ०.३५ | ४.६२ | ०.११ |
| कर्जाको भारित औसत ब्याजदर | १२.१३ | १०.११ | ११.९८ | ९.८३ |
| निक्षेपको भारित औसत ब्याजदर | ६.६० | ६.०१ | ६.७५ | ५.४५ |
| आधार दर | ९.५७ | ८.५० | ९.५६ | ७.७३ |

२९. वाणिज्य बैंकहरुको औसत आधार दर २०७६ असोजमा ९.५६ प्रतिशत रहेकोमा २०७७ असोजमा ७.७३ प्रतिशत कायम भएको छ । २०७७ असोजमा

वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ५.४५ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ९.८३ प्रतिशत रहेको छ । २०७७ असारको तुलनामा २०७७ असोजमा कर्जाको ब्याजदरको तुलनामा निक्षेपको ब्याजदरमा बढी गिरावट आएको छ ।

## कर्जा तथा वित्तीय क्षेत्र सम्बन्धी व्यवस्थाको कार्यान्वयन स्थिति

### कृषि तथा उर्जा

३०. वाणिज्य बैंकले कुल कर्जा लगानीको २०७८ असार मसान्तसम्म न्यूनतम ११ प्रतिशत, २०७९ असार मसान्तसम्म १३ प्रतिशत र २०८० असार मसान्तसम्म १५ प्रतिशत कृषि क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको छ । २०७७ असोज मसान्तमा वाणिज्य बैंकहरुले आफ्नो कुल कर्जा लगानीको ९.५ प्रतिशत कृषि क्षेत्रमा कर्जा प्रवाह गरेका छन् ।

३१. वाणिज्य बैंकहरुले कुल कर्जा लगानीको २०७८ असार मसान्तसम्म न्यूनतम ६ प्रतिशत, २०७९ असार मसान्तसम्म ७ प्रतिशत, २०८० असार मसान्तसम्म ९ प्रतिशत र २०८१ असार मसान्तसम्म १० प्रतिशत उर्जा क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको छ । २०७७ असोज मसान्तमा वाणिज्य बैंकहरुले आफ्नो कुल कर्जा लगानीको ५.६ प्रतिशत उर्जा क्षेत्रमा प्रवाह गरेका छन् ।

३२. कोभिड-१९ बाट अति प्रभावित हवाइ उड्यन व्यवसाय, यातायात, होटल, रेष्टुरेन्ट लगायतका पर्यटन क्षेत्रका उद्यम-व्यवसाय पुनरुत्थानका लागि चालु पुँजी कर्जा, सहुलियतपूर्ण कर्जा र पुनर्कर्जा प्रवाहमा प्राथमिकता दिइएको छ ।

### सहुलियतपूर्ण कर्जा

३३. सहुलियतपूर्ण कर्जा प्रवाहमा प्रदेशगत सन्तुलन कायम गर्न र यस्तो कर्जामा लक्षित क्षेत्र र वर्गको पहुँच सुनिश्चित गर्न कृषि तथा पशुपंक्षी कर्जा बाहेकका कार्यविधिमा उल्लेखित अन्य कर्जाहरुमा ग्रामीण इलाकालाई प्राथमिकतामा राखी २०७८ असार मसान्तसम्ममा वाणिज्य बैंकले ५०० वा न्यूनतम प्रति शाखा १० तथा राष्ट्रिय स्तरका विकास बैकले ३०० वा न्यूनतम प्रति शाखा ५ मध्ये जुन बढी हुन्छ सोही बमोजिमको संख्यामा सहुलियतपूर्ण कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको छ । साथै, राष्ट्रियस्तर बाहेकका विकास बैंक तथा वित्त कम्पनीहरुले क्रमशः न्यूनतम २०० र १०० सहुलियतपूर्ण कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको छ ।

३४. २०७७ असोज मसान्तसम्ममा ४१,६१८ ऋणीलाई सहुलियतपूर्ण कर्जा प्रवाह भई रु.७२ अर्ब ४७ करोड कर्जा बक्यौता रहेको छ । यसमध्ये कृषि तथा पशुपंक्षी व्यवसाय कर्जा अन्तर्गत २७,३६९ ऋणीलाई प्रवाह भएको रु.६१ अर्ब २५ करोड र सहुलियतपूर्ण कर्जाका अन्य शीर्षक अन्तर्गत १४,२४९ ऋणीको रु.११ अर्ब २२ करोड कर्जा बक्यौता रहेको छ ।

## पुनरकर्जा

३५. कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभावलाई न्यूनीकरण गर्दै उद्योग, पेशा, व्यवसायको पुनरुत्थानमा सहयोग पुऱ्याउने, पुनरकर्जामा पहुँच अभिवृद्धि गर्ने र विद्यमान पुनरकर्जा सुविधालाई थप व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले पुनर्कर्जा कार्यविधि लागु गरी उपलब्ध कोषको ५ गुणासम्म पुनरकर्जा उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

३६. यस बैंकले कोभिड- १९ प्रभावित उद्योग तथा व्यवसायहरुलाई राहत प्रदान गर्न बैंक तथा वित्तीय संस्थाहरुसँग पुनर्कर्जा दरखास्त आहवान गरेकोमा दरखास्त बुझाउने अन्तिम मिति २०७७ असोज मसान्तसम्ममा रु. ६९ अर्ब ४ करोड माग भएकोमा रु. ५० अर्ब ७ करोड स्वीकृत भएको छ । यसैगरी, ग्राहक मूल्याँकन अनुसार प्रदान गरिने पुनरकर्जाका लागि रु. ५५ अर्ब २५ करोड माग भएकोमा रु. १५ अर्ब ६२ करोड स्वीकृत भएको छ ।

## मर्जर/प्राप्ति तथा स्रोत परिचालन

३७. २०७७ असोजसम्म २०७ बैंक तथा वित्तीय संस्थाहरु मर्जर तथा प्राप्ति प्रक्रियामा संलग्न भई ५० संस्था कायम भएका छन् । यस अवधिमा १५७ संस्थाको इजाजत खारेज भएको छ । चालु आर्थिक वर्षको पहिलो त्रयमासमा १२ लघुवित्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने प्रक्रियामा संलग्न भई ६ संस्था कायम भएका छन् ।

३८. कोभिड-१९ का कारण प्रभावित अर्थतन्त्र पुनरुत्थान गर्न बैंक तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने कर्जा/स्रोत परिचालन अनुपात (CCD Ratio) २०७८ असारसम्मको लागि ८५ प्रतिशत कायम गरिएको छ । २०७७ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा/स्रोत परिचालन अनुपात ७२.९ प्रतिशत रहेको छ ।

३९. वाणिज्य बैंकहरुले २०७७ असारसम्म आफ्नो चुक्ता पुँजीको न्यूनतम २५ प्रतिशत ऋणपत्र जारी गरिसक्नु पर्ने समयावधि २०७९ असार मसान्त कायम गरिएको छ । २०७७ असोजसम्म बैंक तथा वित्तीय संस्थाले ऋणपत्रमार्फत् रु.५७ अर्ब ६८ करोड वित्तीय साधन परिचालन गरेका छन् ।

## लघुवित्त

४०. लघुवित्त वित्तीय संस्थाहरुको ईजाजत दिने कार्य स्थगन गरिएको छ । साथै, इजाजतको प्रक्रियामा रहेका लघुवित्त वित्तीय संस्थाहरुको इजाजत प्रक्रिया समेत रद्द गरिएको छ ।

४१. लघुवित्त वित्तीय संस्थाहरुले ग्राहकसँग लिने ब्याजदर अधिकतम १५ प्रतिशत कायम गरिएको छ ।

४२. इजाजतप्राप्त 'क', 'ख', 'ग' र थोक कर्जा प्रवाह गर्ने 'घ' वर्गका बैंक तथा वित्तीय संस्थाहरुले विपन्न वर्ग कर्जाको रुपमा लघुवित्त वित्तीय संस्थाहरुलाई प्रवाह गर्ने कर्जामा ०.५ प्रतिशत भन्दा बढी सेवा शुल्क लिन नपाइने व्यवस्था गरिएको छ ।

४३. लघुवित्त वित्तीय संस्थाले निश्चित प्रयोजनका लागि स्थापित दीर्घकालीन कोषहरु बाहेकका रकम बैंक तथा वित्तीय संस्थामा ३ महिना भन्दा बढी अवधिको मुद्दती निक्षेपमा राख्न र नवीकरण गर्न नपाउने व्यवस्था गरिएको छ ।

४४. थोक कर्जा प्रवाह गर्ने तथा सर्वसाधारणबाट निक्षेप संकलन गर्न स्वीकृति प्राप्त संस्थाहरुले आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान NFRS अनुसार समेत प्रकाशन गर्नुपर्ने व्यवस्था गरिएको छ ।

## भुक्तानी प्रणाली

४५. भुक्तानी प्रणालीको विकास सम्बन्धी सूचकहरु (Payment System Development Indicator, PSDI) मासिक रुपमा प्रकाशन गर्न शुरु गरिएको छ ।

४६. भुक्तानी सेवा प्रदायक (PSP) को रूपमा अनुमतिपत्र पाएका संस्थाहरुले २०७८ असार मसान्तसम्ममा कम्तीमा ३ लाख ग्राहक नपुऱ्याएमा र मासिक औसत कारोबार संख्या कम्तीमा ६ लाख नपुगेमा त्यस्ता संस्थाको अनुमति खारेज गर्न सकिने व्यवस्था गरिएको छ ।

## विदेशी विनिमय व्यवस्थापन

४७. Documents Against Payment (DAP) र Documents Against Acceptance (DAA)बाट आयात गर्दा प्रदान गरिने विदेशी मुद्राको सटही सीमा ५० हजार अमेरिकी डलर कायम गरिएको छ ।

४८. तेस्रो मुलुकबाट ड्राफ्ट/टिटीको माध्यमबाट बस्तु आयात गर्दा एक पटकमा बढीमा ३५ हजार अमेरिकी डलर बराबरसम्मको विदेशी मुद्राको सटही सुविधा दिने व्यवस्था कायम गरिएको छ ।

४९. प्रतीतपत्र मार्फत परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गरी भारतबाट आयात गर्ने वस्तुको सूचीमा हार्मोनिक कोड ३९०२.३०.००, ७६१४.९०.०० र ८४५४.९०.०० भएका तार, मेटल समूहका ३ बस्तु थप गरी कुल १६७ पुऱ्याइएको छ ।

५०. बैंक तथा वित्तीय संस्था एवम् विप्रेषण सेवा प्रदायक कम्पनीले विद्युतीय माध्यमबाट नेपालमा विप्रेषण भित्र्याउन सक्ने र नेपालमा भुक्तानी सेवा प्रदायक संस्थाबाट विद्युतीय भुक्तानी उपकरणहरु (मोवाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग, इलेक्ट्रोनिक कार्ड, वालेट आदि) मार्फत स्वदेशी मुद्रामा भुक्तानी प्रदान गर्न सक्ने व्यवस्था गरिएको छ ।

५१. सूचना प्रविधि लगायत विविध सेवा online वा electronic माध्यमबाट निर्यात गरी प्राप्त हुने विदेशी मुद्रा सम्बन्धित निर्यातकर्ता वा सेवा प्रदायकको विदेशी मुद्रा बैंक खाता वा कार्डमा प्राप्त गर्न सकिने व्यवस्था मिलाइएको छ ।

## अन्तर्राष्ट्रिय आर्थिक परिदृश्य

५२. सन् २०२० मा समग्र विश्व अर्थतन्त्र कोभिड-१९ बाट प्रभावित भएको छ । सन् २०१९ मा २.८ प्रतिशतले विस्तार भएको विश्व अर्थतन्त्र सन् २०२० मा ४.४ प्रतिशतले संकुचन हुने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण छ । सन् २०२१ मा भने विश्व अर्थतन्त्र ५.२ प्रतिशतले विस्तार हुने प्रक्षेपण रहेको छ ।

५३. सन् २०१९ मा १.७ प्रतिशतले वृद्धि भएको विकसित मुलुकहरुको अर्थतन्त्र सन् २०२० मा ५.८ प्रतिशतले संकुचन हुने कोषको प्रक्षेपण छ । यसैगरी, उदीयमान तथा विकासशील अर्थतन्त्र सन् २०१९ मा ३.७ प्रतिशतले वृद्धि भएकोमा सन् २०२० मा ३.३ प्रतिशतले संकुचन हुने प्रक्षेपण रहेको छ । सन् २०२१ मा विकसित मुलुकहरुको अर्थतन्त्र ३.९ प्रतिशतले र उदीयमान तथा विकासशील मुलुकहरुको अर्थतन्त्र ६ प्रतिशतले विस्तार हुने कोषको प्रक्षेपण छ ।

५४. चीनको आर्थिक वृद्धिदर सन् २०१९ मा ६.१ प्रतिशत रहेकोमा सन् २०२० मा १.९ प्रतिशतमा सीमित हुने कोषको प्रक्षेपण छ । सन् २०१९ मा ४.२ प्रतिशत रहेको भारतको आर्थिक वृद्धिदर सन् २०२० मा १०.३ प्रतिशतले ऋणात्मक रहने कोषको प्रक्षेपण छ ।

**तालिका ६: विश्व अर्थतन्त्रको वृद्धिदर**

| अर्थतन्त्र | २०१९ | २०२० | २०२१ |
|---|---|---|---|
| विकसित मुलुकहरु | १.७ | -५.८ | ३.९ |
| युरो क्षेत्र | १.३ | -८.३ | ५.२ |
| उदीयमान तथा विकासोन्मुख एशिया | ५.५ | -१.७ | ८.० |
| उदीयमान तथा विकासोन्मुख युरोप | २.१ | -४.६ | ३.९ |
| ल्याटिन अमेरिका तथा क्यारेबियन | ०.० | -८.१ | ३.६ |
| मध्य पूर्व तथा मध्य एशिया | १.४ | -४.१ | ३.० |
| सब-सहरन अफ्रिका | ३.२ | -३.० | ३.१ |
| न्यून आय भएका विकासोन्मुख मुलुकहरु | ५.३ | -१.२ | ४.९ |
| **विश्व अर्थतन्त्र** | **२.८** | **-४.४** | **५.२** |

स्रोत : अन्तर्राष्ट्रिय मुद्रा कोष, अक्टोबर २०२०

५५. विकसित मुलुकहरुको मुद्रास्फीति सन् २०१९ मा क्रमशः १.४ प्रतिशत रहेकोमा सन् २०२० मा ०.८ प्रतिशत र सन् २०२१ मा १.६ प्रतिशत रहने कोषको प्रक्षेपण छ । उदीयमान तथा विकासशील मुलुकहरुको मुद्रास्फीति सन् २०१९ मा ५.१ प्रतिशत रहेकोमा सन् २०२० मा ५ प्रतिशत र सन् २०२१ मा ४.७ प्रतिशत रहने कोषको प्रक्षेपण छ ।

५६. सन् २०२० मा आयात तथा निर्यात दुबैमा संकुचन आई विश्व व्यापार आयतन १०.४ प्रतिशतले घट्ने कोषको प्रक्षेपण रहेको छ । सन् २०२० तथा सन् २०२१ मा प्रत्यक्ष वैदेशिक लगानी तथा विप्रेपण आप्रवाह सबैजसो अर्थतन्त्रहरुमा घट्ने प्रक्षेपण रहेको छ ।

५७. कोभिड-१९ का कारण सरकारी खर्चमा बढोत्तरी आएको छ । विश्वस्तरमा कोभिड-१९ को प्रभावलाई न्यूनीकरण गर्न विभिन्न वित्तीय उपायहरुमार्फत ११७ खर्ब अमेरिकन डलर अर्थात कुल गार्हस्थ्य उत्पादनको करिब १२ प्रतिशत खर्च गरिएको छ । यसबाट सरकारी स्रोत साधनमा चाप पर्न गई सरकारी बजेट घाटा कुल गार्हस्थ्य उत्पादनको ९ प्रतिशत विन्दुले वृद्धि हुने तथा सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादन अनुपात १०० प्रतिशतसम्म पुग्ने प्रक्षेपण रहेको छ ।

## मौद्रिक नीतिको कार्यदिशा

५८. चालु आर्थिक वर्षको मौद्रिक नीति जारी हुँदाको समयमा रहेको कोभिड-१९ को जोखिम यथावत रहेका कारण आर्थिक गतिविधि अपेक्षित रुपमा विस्तार हुन सकेको छैन । बैंकिङ्ग क्षेत्रमा पर्याप्त तरलता रहेको, मुद्रास्फीति नियन्त्रणमा रहेको र वाह्य क्षेत्र सन्तुलन कायम भएका कारण कोभिड संक्रमण न्यूनीकरण गर्दै आर्थिक क्रियाकलाप विस्तार गर्न सहयोग पुग्ने अवस्था रहेको छ ।

५९. अर्थतन्त्रको विद्यमान अवस्थालाई दृष्टिगत गरी मौद्रिक विस्तारबाट मूल्य र वाह्य क्षेत्र स्थायित्वमा थप दबाब सृजना हुन नदिन तथा आन्तरिक उत्पादन वृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकासमा वित्तीय साधनको उपलब्धतालाई सहजीकरण गरी आर्थिक वृद्धिमा सहयोग पुऱ्याउन मौद्रिक नीतिको विद्यमान कार्यदिशालाई निरन्तरता दिइएको छ । वित्तीय सहजीकरणको लागि अपनाइएका नियामकीय लचकताबाट वित्तीय स्थायित्वमा जोखीम आउन नदिन सजगता अपनाइने छ ।

## मौद्रिक तथा वित्तीय उपायहरु

६०. मौद्रिक नीतिको उपर्युक्त कार्यदिशा अनुरुप विद्यमान अनिवार्य नगद अनुपात, वैधानिक तरलता अनुपात र बैंकदरलाई यथावत राखिएको छ ।

६१. बैंक तथा वित्तीय संस्थाहरुले कल निक्षेप बाहेकका ब्याज प्रदान गरिने निक्षेप खाताहरुमा दिइने अधिकतम र न्यूनतम ब्याजदर बीचको अन्तर ५ प्रतिशत विन्दु भन्दा बढीले फरक गर्न नपाइने व्यवस्था गरिनेछ ।

६२. आवधिक प्रकृतिका कर्जाहरु अग्रिम भुक्तानी गर्दा लिइने शुल्क तथा स्वाप शुल्कलाई थप व्यवस्थित गरिनेछ ।

६३. स्थिर ब्याजदरमा प्रवाह भएका कर्जाको हकमा ब्याजदर जोखिम बहन तथा श्रोत व्यवस्थापनसँग तालमेल हुने गरी अग्रिम भुक्तानी शुल्क तथा समयावधि निर्धारण गर्न सकिने व्यवस्था गरिनेछ ।

६४. कोभिड-१९ को असर परेका ऋणीको ६ महिना भन्दा बढीको ब्याज बक्यौता नरहेको अवस्थामा धितो लिलामी जस्ता प्रक्रिया केही समयसम्मका लागि स्थगन गर्नु पर्ने व्यवस्था गरिनेछ ।

६५. बैंक तथा वित्तीय संस्थाबाट विदेशी मुद्रामा ऋण लिएका ऋणीहरु विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ बाट प्रभावित हुन गई विदेशी मुद्रामा साँवा तथा ब्याज भुक्तानीमा पर्न गएको असहज परिस्थितिलाई दृष्टिगत गरी यस्तो विदेशी मुद्रामा लिएको ऋणको किस्ता नेपाली मुद्रामा समेत भुक्तानी गर्न सकिने व्यवस्था मिलाइने छ ।

६६. अनलाइनमार्फत् निश्चित रकमसम्म विदेशी वस्तु तथा सेवा आयात गरी सोको भुक्तानी गर्न विदेशी मुद्रामा सटही सुविधा उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

६७. बैंक तथा वित्तीय संस्था, भुक्तानी सेवा प्रदायक र भुक्तानी प्रणाली संचालकहरुले विद्युतीय भुक्तानी सेवा प्रदान गरेवापत ग्राहकहरुबाट लिने सेवा शुल्क सम्बन्धी व्यवस्थामा पुनरावलोकन गरिनेछ ।

६८. व्यक्तिगत अधिविकर्ष कर्जा, शेयरधितो कर्जा तथा रियलस्टेट कर्जा सम्बन्धी विद्यमान व्यवस्थामा पुनरावलोकन गरिनेछ ।

६९. कोभिड-१९ संक्रमणबाट अधिक प्रभावित भएको देखिएको होटल लगायतका पर्यटन व्यवसाय र पशुपंक्षी पालन व्यवसायलाई प्रदान गरिने पुनरकर्जामा थप सहजीकरण गरिनेछ ।

७०. यस बैंकवाट गरिएको कोभिड-१९ संक्रमणको असर परेका क्षेत्रको विद्यमान अति प्रभावित, मध्यम प्रभावित तथा न्यून प्रभावित वर्गीकरणमा आवश्यकता अनुसार पुनरावलोकन गर्न अध्ययन गरिनेछ ।

**अन्त्यमा**

७१. आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा प्रतिवेदन तयार गर्न आवश्यक सूचना तथा विवरण उपलब्ध गराई सहयोग पुर्‍याउने सबै सरोकारवालाहरुलाई नेपाल राष्ट्र बैंक धन्यबाद ज्ञापन गर्दछ । साथै, मौद्रिक नीतिको कार्यान्वयनमा सदाझैं सबैको सहयोग मिल्ने यस बैंकको विश्वास रहेको छ ।

**२०७७ मंसिर १८ गते ।**